# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

**<u>हरितालिका (तीज) २०७९ को शुभकामना सन्देश !</u>**

नेपाली हिन्दु नारीहरुको महत्वपूर्ण पर्व हरितालिका (तीज) का अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं अटल सौभाग्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हाम्रो देश नेपाल विभिन्न भाषा,धर्म,संस्कृति,संस्कारले भरिपूर्ण छ । भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म आफ्नो र परिवारका सदस्यको हितको कामना गर्दै मनाइने तीजको पनि आफ्नै महत्व रहेको छ । तीजले चेली-माइती बीचको सम्बन्धलाई अझ प्रगाढ बनाउँनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ भन्ने विश्वास लिएको छु । यो पर्व मनाउँने सन्दर्भमा यदाकदा देखिने भड्किलो शैली,देखासिकीजस्ता विकृत पक्षलाई पूर्णरुपमा त्याग्नु आवश्यक छ । यसो गरेमा यस पर्वको सांस्कृतिक तथा धार्मिक महत्वको संरक्षण हुन गई तीजको मौलिकता पनि कायम राख्न सघाउ पुग्दछ ।

अन्तमा,हरितालिका तीजले महिलालाई सशक्त तथा क्रियाशील बनाउन मद्दत गरोस् र सामाजिक विभेदको अन्त्य गर्दै समतामूलक एवं सभ्य समाज निर्माणका लागि हामी सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।

**२०७९ भदौ १४ गते मंगलबार**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**